म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २२२ २०८० असार २२ गते शुक्रबार 7 July 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




## एसईईको नतिजा सार्वजनिक

काठमाडौंः माध्यमिक शिक्षा परीक्षा (एसईई)को परीक्षाफल बिहीबार सार्वजनिक भएको छ । गत चैतमा सञ्चालन गरिएको २०७९ सालको एसईई परीक्षाको नतिजा पुरानै ग्रेडिङ पद्दतिबाट सार्वजनिक गरिएको हो ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार परीक्षामा ३.६ देखि ४ जीपीए ल्याउनेको संख्या २२ हजार ४७५ रहेको छ । जुन कुल परीक्षार्थीको २.९ प्रतिशत रहेको बोर्डले बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो । त्यस्तै ३.२ देखि ३.६ जीपीए ल्याउनेको संख्या ५५ हजार ६९ र २.८ देखि ३.२ जीपीए ल्याउनेको संख्या ७२ हजार ३६२, २.४ देखि २. ८ जीपीए ल्याउनेको संख्या ८९ हजार ३३१ जना रहेको छ ।

सबैभन्दा धेरै २ देखि २.४ जीपीए ल्याउने विद्यार्थी छन् । उनीहरुको संख्या १ लाख २ हजार २९३ छ । यस वर्षको एसईईमा ४ लाख ८४ हजार ९३९ जना परीक्षार्थी सहभागी भएका थिए । एसईईमा १.६ देखि २.० जीपीए ल्याउनेको संख्या ८८ हजार ४४७, १.२० देखि १.६० जीपीए ल्याउने ३८ हजार ७७० र ०.८० देखि १.२० जीपीए ल्याउनेको संख्या २ हजार २०० रहेको छ । एन ए (नन एग्रिगेड) १३ हजार ९९२ जना रहेका छन् । जसले पुनः परीक्षा दिनुपर्नेछ ।

अघिल्लो वर्षको भन्दा यस वर्षको एसईईको नतिजा सुधार भएको राष्ट्रिय परीक्षा बोर्डको दावी छ । माथिल्लो ग्रेड ल्याउने विद्यार्थीको संख्या बढी देखिएको भन्दै नतिजा सुधार भएको बोर्डले दावी गरेको हो । सार्वजनिक नतिजाअनुसार ३.६० देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या २२ हजार ४७५ छन्, जुन ४.६३ प्रतिशत हो । २०७८ को एसईई नतिजा अनुसार ३.६० देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ९ हजार ६३३ जना अर्थात् १.९४ प्रतिशत रहेका थिए ।

त्यस्तै ३.२० देखि ३.६० जीपीए ल्याउने विद्यार्थीको संख्या पनि गत वर्षको तुलनामा बढी रहेको छ । विद्यार्थीले राम्रोसँग पढ्न पाएकाले यो वर्षको नतिजा राम्रो आएको हुनसक्ने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माको भनाइ छ । विगतका वर्षमा कोभिड महामारीका कारण विद्यार्थीले राम्रोसँग पढ्न नपाएकाले नतिजा कमजोर रहेको भए पनि यो वर्ष पठनपाठन राम्रो भएकाले नतिजा सुधार भएको उहाँले बताउनुभयो ।

विषयगत आधारमा गणित विषयको

...बाँकी पृष्ठ ३ मा

## प्रदेश सञ्चित कोषबाट खर्च गर्न बनेको विधयेक स्वीकृत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा बैठकले आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम बिनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधयेक २०८० स्वीकृत भएको छ । बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह लामाले प्रस्तुत गर्नुभएको प्रदेश सञ्चित कोषबाट खर्च गर्न बनेको विधयेक २०८० बहुमतले स्वीकृत भएको हो ।

प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधयेक २०८० बहुमतले स्वीकृत भएको छ । यस्तै, प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधयेक २०८० को दफा २–२० सम्म दफाहरु तथा सोसँग सम्बन्धित उपदफाहरु र अनुसूची १–६ विधयेकको अंग बनोस् भन्ने प्रस्ताव स्वीकृत भएको छ ।

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त राजश्व संकलन गर्ने, कर तथा शुल्क दर घटाउने/बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासनसम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले बागमती प्रदेशको प्रदेशसभाले 'प्रदेश आर्थिक ऐन २०८०' पारित गरेको छ । यस एनको दफा ७ तथा खण्ड 'घ'को २७ नम्बर बुँदा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिदेखि र अन्य दफाहरु २०८० साउन १ गतेदेखि प्रारम्भ हुने सभामुख भुवनकुमार पाठकले बैठकमा जानकारी गराउनुभयो । प्रदेशसभाको अर्को बैठक सूचना नआएसम्मका लागि सभामुख पाठकले स्थगित गर्नुभयो ।

2-DAY FREE MEDICAL CAMP
(२ दिने निशुल्क चिकित्सा शिविर)



असार २२ र २३ गते

स्थानः हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स
समयः बिहान ८ बजे देखि

***नाम दर्ता असार १९ देखि सुरु हुँदैछ।***

निःशुल्क स्वास्थ्य परिक्षण सेवाहरुः

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by:
Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by:
KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

## साउनभित्र छात्रवृत्ति वितरण नबुझाए कारवाही गरिने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाभित्र रहेका संस्थागत विद्यालयहरुले आउँदो साउन महिनाभित्र विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको विवरण नबुझाए कारवाही गरिने बताइएको छ । तोकेको समय सीमाभित्र आधाभन्दा बढी संस्थागत विद्यालयहरुले विवरण नबुझाएपछि हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा हेटौंडाका प्रमुख गंगाधर रिमालले कानुनबमोजिम कारवाही गरिने बताउनुभएको हो ।

हेटौंडा–५ स्थित जीएस निकेतन विद्यालयले समेत छात्रवृत्ति वितरण गरेको विवरण बुझाएको छैन । उक्त विद्यालयबाट प्राप्त पत्रअनुसार छात्रवृत्ति वितरण उपसमिति गठन हुन बाँकी रहेकाले विवरण पेश गर्न ढिलाई भएको जानकारी प्राप्त भएको उहाँको भनाई छ ।

उक्त समस्यालाई मध्यनजर गर्दै कतै आन्तरिक परीक्षासमेत चलिरहेको र यस्ता विभिन्न समस्यालाई मध्यनजर गर्दै तत्काल कारवाही नगर्ने बताउनुभयो । कतिपय विद्यालयले अहिलेसम्म छात्रवृत्ति वितरण गरेको तथ्यांक उपलब्ध गराइरहेकाले पनि तत्काल कुनै पनि कारवाही नगरिएको उहाँले बताउनुभयो ।

कार्यक्रमलाई हेटौंडा उपमहानगर पालिकाले साउन महिनाभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्दछ । विद्यालयको समस्यालाई मध्यनजर गर्दै समय थप गरेर साउन महिनाभित्र तथ्यांक पेश गर्न निर्देशन दिन सकिने उहाँले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकामा रहेका ४८ वटा संस्थागत विद्यालयमध्ये १९ वटा विद्यालयले मात्र यसअघि छात्रवृत्ति विवरण गरेको विवरण बुझाएका छन् । गत असार ८ गते हेटौंडा उपमहानगरपालिकाले सूचना जारी गर्दै असार २० गतेभित्र विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको विवरण उपलब्ध गराउन निर्देशन दिएको थियो । निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ अनुसार संस्थागत विद्यालयहरुले छात्रवृत्ति दिनुपर्ने हुन्छ ।

हार्दिक बधाई एवम् अपिल

एसइइ-२०७९ मा परीक्षित हुँदै आ-आफ्नो प्राप्तांकबारे जानकारी प्राप्त गर्ने सबै विद्यार्थीलाई बधाई एवम् शुभकामना । एसइइ एउटा नियमित प्रक्रिया हो, एसइइपछिको अध्ययनमा विद्यार्थी भाइबहिनीको उच्च प्रयास रहोस् । एसइइको नतीजा प्राप्त गर्ने विद्यार्थी भाइबहिनीले आफ्नै मुलुकमा असुरक्षित महसुस गरी विदेशिने मनस्थिति विपरित आफैं आफ्नो मुलुकमा स्थापित हुने आधार तयार पार्ने इच्छाशक्ति र क्षमता विकास गर्न अपिल समेत गर्दछौं ।

हेटौंडा, मकवानपुर

सुरेश श्रेष्ठ, सम्पादक

एवम् समृद्ध समाज दैनिक परिवार

हेटौंडा, मकवानपुर

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज;

अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट



प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क

०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

# सम्पादकीय

## लागूऔषध समस्याको अन्त्य

मकवानपुर प्रहरीले दुई दिनअघि करिब २ क्वीन्टल गाँजासहित १२ जना मानिसलाई पक्राउ गऱ्यो । रातिको समयमा हेटौंडा-१५ स्थित रातोमाटेको प्रहरी चेकपोष्टमा सवारी साधनलाई सुरक्षाजाँच गर्ने क्रममा प्रहरीले लागूऔषध गाँजा फेला पारेको हो । प्रहरीले भारतीय ट्रकबाट एक सय ४४ केजी गाँजासहित ६ जनालाई पक्राउ गरेको थियो । बीरगञ्जतर्फ जाँदै गरेको ट्रकलाई शंका लागि सुरक्षाजाँच गर्दा प्रहरीले ट्रकबाट १४ वटा पोकामा एक सय ४४ केजी लागूऔषध गाँजा फेला पारेको थियो । गाँजासँगै भारत निवासी ट्रक चालक र बारा तथा पर्साका विभिन्न ठाउँका ५ जनालाई पक्राउ गरेको थियो । प्रहरीले वीरगञ्जतर्फ जाँदै गरेको कार तथा मोटरसाइकललाई शंका लागेर सुरक्षाजाँच गर्ने क्रममा ४७ केजी लागूऔषध गाँजासहित अर्को ६ जनालाई पनि पक्राउ गरेको छ । गाँजासँगै कार तथा मोटरसाइकल चालकसहित ६ जनालाई पक्राउ गरेको हो । पक्राउ परेका सबै पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका र पटरेवा सुगौली गाउँपालिका निबासी हुन् । मकवानपुर प्रहरीले बुधबार पनि नेवारपानीस्थित पूर्वपश्चिम राजमार्गमा रोकिराखेको भारतीय ट्रकबाट डेढ क्वीन्टल गाँजा बरामद गरेको छ ।

पछिल्लो समय मकवानपुर जिल्लाका विभिन्न क्षेत्रबाट लागूऔषध पक्राउ नपरेको दिन नै हुँदैन । प्रहरीले विशेष सुराकी तथा आशंकाको आधारमा सवारी साधन तथा मानिसको झोला चेकजाँच गरेर गाँजासहित अन्य लागूऔषध दिनहुँजस्तै बरामद गरिराखेको पाइन्छ । हेटौंडाको रातोमाटे, बसपार्क र नेवार पानी क्षेत्रबाट बढी लागूऔषधसहित मानिस पक्राउ पर्ने गर्दछन् । यस्तै, मनहरी, भैंसे तथा पालुङ क्षेत्रबाट पनि लागूऔषध गाँजासहित सवारी साधन र ओसारपसारमा संलग्न मानिस पक्राउ पर्ने गरेका छन् । कुनैबेला लागूऔषध गाँजा खेतीका लागि अग्रणी मकवानपुर जिल्ला अहिले लागूऔषध ओसार पसारको ट्रान्जिटजस्तै बनिरहेको छ । प्रहरीले दिनहुँजस्तो लागूऔषध बरामद गरेको समाचार सार्वजनिक भइरहेकाले यसलाई पुष्टि गरेको छ । मकवानपुरबाट भारतीय भूमिमा लैजान लागेका लागूऔषध गाँजा मकवानपुरका विभिन्न स्थानबाट बरामद हुने गरेको छ । बरामद हुने लागूऔषध गाँजासँगै धेरैजसो यसको ओसारपसारमा संलग्न मानिस तथा सवारी साधन पनि पक्राउ पर्ने गरेको पाइन्छ । यसैगरी भारतबाट नेपाल भित्रिने लागूऔषध हेटौंडा भएर देशका विभिन्न भागमा पुग्ने भएकाले प्रहरीले धेरैलाई पक्राउ गर्ने गरेको हुनसक्छ ।

लागूऔषधको विकराल समस्या विश्वव्यापी भेटिन्छ । यसको खेती तथा प्रशोधन गरेर उत्पादन गर्ने, उत्पादित लागूऔषध ओसारपसारमा संलग्न हुने, लागूऔषधको बिक्री वितरण गर्ने र लागूऔषध सेवन गर्ने सबै कार्यलाई नेपालमा अपराध मानिन्छ । लागूऔषधको उत्पादन, वितरण, बेचविखन तथा सेवन कार्य नेपालमा प्रतिबन्धित छ । तर, पनि लागूऔषध दुरुपयोग र सेवनको समस्या मकवानपुरमा व्यापक छ । विश्वका ५ प्रतिशत युवा लागूऔषधको गलत प्रयोगका कारण समस्यामा पर्ने गरेको तथ्यांक छ । लागूऔषधका कारण ऊर्जाशील युवा जनशक्ति कुलतमा फस्दा समाज तथा देशको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक सबै पक्षमा नकारात्मक असर परिरहेको छ । कलिला उमेरका किशोरकिशोरीसमेत लागूऔषध दुर्व्यसनी भएपछि उनीहरुको जीवन नारकीय बन्छ नै ।

लागूऔषधको समस्याले हाम्रो सामाजिक परिवेश, शान्ति र अमनचयन भङ्ग हुने खतरा बढ्दै गएको छ । लागूऔषधको समस्या समाधान गर्न लागूऔषध उत्पादन, ओसारपसार, बिक्री तथा सेवन रोक्नु आवश्यक छ । लागूऔषधको समस्या किन र के कारणले बढ्दै गएको छ भन्ने बारेमा तथ्यगत अनुसन्धान गरी त्यसको रोकथामका लागि राज्यका संयन्त्रहरु क्रियाशील बन्नुपर्छ । लागूऔषधसम्बन्धी समस्या समाधान गर्ने दायित्व सरकार र प्रहरीको मात्र हो भन्ने सोच्नु हुँदैन । लागूऔषधसम्बनधी समस्याका बारेमा हरेक नागरिक सचेत भएर यसको विरुद्ध आवाज उठाउनुपर्छ । सामाजिक समस्याको रुपमा मानिएको लागूऔषध दुरुपयोगको अन्त्यका लागि सम्बद्ध सबै पक्ष थप क्रियाशील बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : वैदेशिक प्रयोजनका कामहरु बन्दै जालान् । |
| वृष | : अध्ययन–अध्यापनको कामबाट लाभ । |
| मिथुन | : सामाजिक र धार्मिक काममा सरिक भइनेछ । |
| कर्कट | : अध्ययन–अध्यापनका क्षेत्रमा सफलता प्राप्त । |
| सिंह | : लेखाइ– पढाइका कामहरु सरिक भइने समय छ । |
| कन्या | : सामाजिक र धार्मिक काममा सरिक भइने समय छ । |
| तुला | : लेखाइ–पढाइका काममा सरिक भइने समय छ । |
| वृश्चिक | : वैदेशिक रोजगारी प्राप्त हुने समय योग छ । |
| धनु | : पठन–पाठनमा द्विविधा आइपर्ने समय योग छ । |
| मकर | : मनमा कौतुहल र छटपटी रहने समय योग छ । |
| कुम्भ | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| मीन | : सामाजिक र धार्मिक काममा सरिक भइने छ । |

# सायद मेरै बिँडो थामेका होलान् आज मेराले पनि !



✍ सलुजा बस्नेत

**ठिकै छ, रमाइलो छ जिन्दगी । आमा बाउ बन्नु पनि कम सौभाग्य हो र हाम्रा लागि । सायद भगवानले जिन्दगीलाई भुलाउन दिएका सबै अभिनयमध्ये उत्कृष्ट होला हामी अभिभावकका लागि ।**

'हजुरले के सोचिसेको ? के बाबाजस्तो बन्न सक्दिनँ र म ?' मेरो छोरोले मलाई बारम्बार गर्ने धेरै प्रश्नमध्ये साह्रै मनपर्ने र मन छुने प्रश्न ।

'अवश्य सक्छौ तर तिम्रो यो इख तिम्रो काममा देखिनु पर्यो नि !' भन्ने जवाफ दिन्छु म पनि ।

छोरो रिसले आँखा रातो रातो पार्दै 'मलाई हजुरले निरूत्साहित गरिसेको, म के छु, कस्तो छु पछि थाहा हुन्छ हजुरलाई । म बाबालाई जितेरै देखाइदिन्छु अनि हजुर हारिसिन्छ र त्यो हारेको अनुहार हेर्न मन छ मलाई ।'

म जस्ती जो कोही आमा आफ्ना छोराछोरीबाट हार्न चाहन्छन् होला र उनीहरूबाट यस्ता चुनौतीहरू पनि लिन चाहन्छन् होला ।

एउटी आमालाई आफ्नो श्रीमानको प्रगति देख्दा जति गर्व महसुस हुन्छ पक्कै पनि त्योभन्दा कयौं गुणा आफ्ना सन्तानका प्रगति देख्दा होला ।

मलाई लाग्छ मानिस यो संसारमा कोहीसँग पनि हार्न चाहँदैन तर आफ्ना सन्तानले जहिले पनि उसलाई हराओस् नै भन्ने चाहना राख्छ ।

मेरो छोरालाई के थाहा, उसले आफ्नो बाउलाई जितेको दिन उसकी आमाले संसार जित्छे भनेर ।

मेरो सानो छोरोको त्यति क्षमता सायद छैन कि उसले यो कुरा बुझोस् । बुझ्नका लागि ऊ परिपक्क हुनुभन्दा पनि पहिला आफ्ना सन्तानका बाउ बन्न जरूरी छ ।

म फेरि मेरो बाल्यकालमा फर्कन्छु ।

अहिले छोराछोरीका अगाडि जति सुकै आदर्श पल्टे पनि के गर्नु ? कम त थिइनँ त्यो बेला म पनि । मेरो प्रगति त ममी सबभन्दा पहिला हजुरलाई नै देखाउनु छ भनेको अहिलेजस्तो लाग्छ मलाई ।

त्यो बेला मेरी आमाको मन्द मुस्कानको रहस्य बल्ल आज थाहा पाउँदै छु म पनि ।

सायद आफ्नो कर्मको फल यही जन्ममा भोग्नुपर्छ भनेझैं आज भोग्दैछु होला म पनि ।

मेरी आमाका आज सबै कुरा याद त छैनन् मलाई तर 'पख न छोराछोरी पाएपछि थाहा पाउलिस् छोराछोरीको माया' भनेको चाहिँ कन्ठै छ मलाई ।

यसैगरी थाहा पाउलान् पछि मेरा छोराछोरीहरूले पनि । मैले मेरी आमासँग लडेको जंग दुरूस्तै आज आफ्नै छोराछोरीसँग लड्दै छु । सायद पृथ्वी गोलो भएरै होला सबैको पालो आको ।

आज मेरो चित्त, छोरोले दुई चार वटा कुरा सुनायो भनेर दुखेको पटक्कै होइन, डर त मलाई छोरोको हो कतै म घृणाको पात्र त बन्दिनँ भन्ने हो । तर पनि ठिकै छ आज मेरै इख लिएर छोरोले मेहनत गर्छ भने म उसको घृणाको पात्र बन्न पनि तयार छु किनकि जसरी आज मैले मेरी आमालाई बुझेकी छु सायद त्यसैगरी बुझ्ला नि भोलि मेरो छोरोले पनि ।

गाह्रो काम रैछ आमा बाउ भएर कर्तव्य पूरा गर्न चाहे यो बेलाका अभिभावकलाई होस् या हामीभन्दा अगाडिकालाई ।

छोराछोरी हुन् त्यो पनि २१ औं शताब्दीका डिजिटल बच्चाहरू, जिद्दी त भै हाल्छन् नि !

यही युगमा न यता न उता पेन्डुलम भई झुन्डिएका हामी आमाबाउहरूलाई पनि कहाँ सजिलो छ र ! चारतिरको तनाव ।

कहिलेकाहीँ त धैर्यताको बाँध नै फुट्छ मेरो पनि अनि तथानाम बक्दै बर्सिन पुग्छु बच्चाहरूमाथि । तीमाथि कहिलेकाहीँ त अति भएर हातै पो हाल्न भ्याउँछु त ।

यता बढेका बच्चाहरूलाई हात त हालिन्छ उता रातभर मन दुखेर सुत्न नसक्ने फेरि आफैं हुइन्छ । यत्तिकैमा कहाँ कुरा सकिन्छ र फेरि भोलिपल्ट बच्चाहरूलाई खुसी बनाउन कम पापड बेल्नु पर्छ र ! बच्चाहरूले पाका, कटपुतलीलाई झैं नचाएर छाड्छन् ।

गालामा प्याट मात्र के पारेकी हुन्छु, फेरि तिनै बच्चालाई सम्झाउन खोइ कहाँबाट आको त्यत्रो बल, लामा लामा प्रवचन र तीन चार घण्टा उभिएर भन्न सक्ने त्यत्रो इस्टामिना मलाई पनि ? बच्चा डिप्रेसनमा पो जाने हुन् कि ! नराम्रो कदम उठाउने पो हुन् कि भन्ने डरले रातभर चौकीदारी गर्नु पर्दा मेरो चाहिँ मेन्टल हेल्थमा पर्न जाने असर कसले बुझ्ने फेरि ।

बरू यत्रो परिश्रम गर्नुभन्दा त आफूमा हरसमय नै धैर्यता गरेर बस्नु ठिक, हैन र ?

अब त मेरा छोराछोरीले कुन अवस्थामा म कस्तो डायलग बोल्छु आफैंले दुरूस्तै बोलिदिन्छन् । सबै कण्ठ छ उनीहरूलाई ।

मेरा पालामा आमाबुवाले गाली गर्दा भन्ने गरेका सबै शब्दहरू क्रमबद्ध रूपमा याद हुन्थे मलाई पनि ।

सयाद मेरै बिँडो थामेका होलान् आज मेराले पनि ।

आमा हो, के गर्नु, कहिलेकाहीँ रिसको झोंकमा अपशब्द मुखबाट फुत्की पो हाल्छ ! अनि पर्छ फसाद फेरि, न शब्द फिर्ता माग्नु, न क्षमा माग्नु, यतिकैमा उता छोराछोरी सुरू भैसकेका हुन्छन 'आमाले रिसको बेला दिएको सराप र शत्रूले खुसीमा दिएको आशिष कहिल्यै लाग्दैन' भनिस्यो न मामु हजुरको लोकप्रिय भनाइ भन्दै ताली पड्काउन पो थाल्छन् ।

अनि यस्तो अवस्थामा पुगेकी म न हाँस्नु, न रूनु, न कुट्नु नै ।

अति नै गाह्रो छ मलाई तर पनि आमा हो कहाँ हार खान्छु र म पनि । अन्तिममा केही सीप नलागेपछि यसो बाउलाई भन्न लगाउनु परो, मानि पो हाल्छन कि भनेर कुरो लगायो, पछि बाउले ठूलो स्वरले बोलेको सुन्न नसक्ने, फेरि आफैं कुदेर कुरो सपार्न गयो त्यसपछि त दुवै तिरका डरलाग्दा नजरका डसाइ, केमोको रेडिएसनभन्दा कम होला त मेरा लागि ?

कसरत अलि पुगेको थिएन क्यार पहिला मेरो, अब त छोराछोरी त्यसमाथि बाउ दुबैको तनाव मेरै थाप्लामाथि । कठैबरा कहाँ भगवान कृष्ण र यशोदाको जस्तो रमाइलो हुँदो रछ र यति बेलाका छोराछोरी र आमाहरूका लिला ।

ठिकै छ, रमाइलो छ जिन्दगी । आमा बाउ बन्नु पनि कम सौभाग्य हो र हाम्रा लागि । सायद भगवानले जिन्दगीलाई भुलाउन दिएका सबै अभिनयमध्ये उत्कृष्ट होला हामी अभिभावकका लागि ।

हाम्रा आमाबुवाले दिएकै संस्कार दिँदैछौं हाम्रालाई पनि र पूर्ण रूपमा आशा छ असल नागरिक बन्ने छन् हाम्रा पनि ।

हारिँदैन, चुकिँदैन राम्रो संस्कार दिनलाई, भोलि निरन्तरता देलान् नि यही परम्परा यिनीहरूले आफ्ना सन्तानहरूलाई पनि ।

*(स्रोतः सेतोपाटी)*

# के देश रित्तिएकै हो त ?



✍ सलिना गौतम

**काँधमा देशको भविष्य बोकेका विद्यार्थी हातमा किताब र काँधमा झोला बोकी कन्सल्ट्यान्सी धाउन बाध्य भएका छन् ।**

अहिलेको परिदृश्य नियाल्दा र कक्षा १२ को परीक्षा दिएर बसेका साथीहरूलाई 'तिम्रा आगामी दिनका योजना के छन् ?' भनी सोध्दा धेरैको जवाफ हुन्छ – राहदानी बनाउने र राजधानी छाड्ने । विश्वविद्यालयमा हुनुपर्ने विद्यार्थी बिदेसिन बाध्य भएका छन् ।

भन्नका लागि त नेपालमा हिरा फल्छ भन्ने गरिन्छ, हिरा त्यसै त फल्दैन, युवा जनशक्ति चाहिन्छ । युवा भने पढ्ने बहानामा अवसर खोज्दै र रोजगारी खोज्दै बिदेसिँदै छन् । सुन्छु, प्रत्येक दिन करिब तीन हजार युवाले सुन्दर भविष्यको खोजीमा देश छाड्ने गर्छन् ।

के देश रित्तिएकै हो त ? भन्ने प्रश्न आजको समयमा आएर समय सान्दर्भिक बन्दै गएको छ । 'देश रित्तिएकै हो ?' भनी मैले सोध्दा धेरैको जवाफ होला–'खै कहाँ रित्तिएको छ देश ? न भीडको कमी छ, न त ट्राफिक जामको । मेरो प्रश्न भने युवासँग सम्बन्धित छ ।

भनिन्छ, देश युवाको काँधमा हुन्छ, तर हामीकहाँ युवाले देश छाड्ने क्रम रोकिएको छैन । प्रश्न फेरि यही उठ्छ– के हाम्रो देशमा युवाका लागि भविष्य छैन ? के हाम्रो शिक्षा प्रणालीमा समस्या छ ? यही सही हो भने देशका नेताले यसबारे सोच्नुपर्छ । देशमा राजनीतिभन्दा पनि फोहोरी राजनीति कहिलेसम्म हो ? यो पार्टी, यो नेताको ठाउँमा अर्को नेता आउला र राम्रो गर्ला भनेर कहिलेसम्म कुर्ने हो ?

आफ्नो मान्छे सत्ता र शक्तिमा नभए वा त्यस्तो पहुँचमा नभए केही काम हुँदैन । भन्ने धारणाको विकास जनताको मस्तिष्कमा भएको छ । यसको सबै श्रेय हाम्रा राजनीतिक दलका नेता र देशको राजनीतिक अवस्थालाई जान्छ ।

अब त समय यस्तो आएको छ, कसैले 'म देशमै बस्छु र देशका लागि केही गर्छु' भन्छ भने उसलाई महान् मान्नुपर्नेछ । अर्कोतिर देशमै केही गर्न पनि वातावरण हुनुपर्छ ।

त्यसैले 'म आफ्नै देशमा केही गर्छु' भन्दा आफ्नै घरमा पहिलो प्रश्न सुन्नुपर्छ, 'के गर्छेस् वा गर्छस् तँ एक्लैले ? समयमा सोचिहाल है नत्र पछुतो होला ! देशलाई तैंले मात्र माया गरेर के काम, तँलाई र तेरो भविष्यलाई देशले माया नगरेपछि !'

मैले पनि यस्तै कुरा सुन्दा नचाहेर मौन बस्छु र ती युवालाई सम्झन्छु – जो सयौंको संख्यामा हरेक दिन पुतलीसडकको बाटो हुँदै कन्सल्ट्यान्सी धाइरहेका हुन्छन्, आफ्नो १२ को पढाइ सकाएर ।

बिदेसिनु देशको अवस्थाका कारण बाध्यता हो वा आजभोलिका युवाको चाहना हो ? जेहोस्, युवा जनशक्ति बिदेसिनु भनेको देशको दीर्घकालीन अर्थतन्त्रमा असर पर्ने कुरा हो ।

हामीमा मानसिकता यो बसिसकेको छ कि देशमा केही नगरी बेरोजगार बस्नुभन्दा विदेश गएर भाडा नै माझे पनि डेढ-दुई लाख कमाएर दुई वर्षमा ऋण तिरिन्छ र त्यसपछि त लाइफ सेट हुन्छ । जहिले सामाजिक सञ्जाल खोलेर हेर्दा कोही न कोही विदेश गएको तस्बिर आइरहेको हुन्छ ।

काँधमा देशको भविष्य बोकेका विद्यार्थी हातमा किताब र काँधमा झोला बोकी कन्सल्ट्यान्सी धाउन बाध्य भएका छन् । म स्वयं सम्झन्छु ती दिनहरू, जहाँ मेरा हातबाट भाइटीका लगाउन मेरा पाँच दाजुहरूको लहरले आँगन ढाकिएको हुन्थ्यो, तर आज मेरो निधार यता र मेरो दाजुहरूको निधार उता परदेशमा खाली रहन्छ । यो नियति आज हरेक नेपाली परिवारले भोगेको छ भन्दा अत्युक्ति नहोला । यसमा दोष कसको, कमी-कमजोरी कहाँनेर भयो ? खोइ नेताले यसबारे सोचेको ?

कति घर रित्तिए, कति गाउँ रित्तिए, कतिपय सहर सुनसान हुँदै छन्, यस्तै गतिले बिदेसिने हो भने देश नरित्तिएला भन्न सकिँदैन । यतातर्फ हाम्रा नेताले कहिले सोच्ने हुन् ?

*(स्रोतः रातोपाटी)*

# एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा बागमती प्रदेशका विभिन्न जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको सिन्धुली, रामेछाप र चितवन जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको कमलामाई नगरपालिका–२, हीरापानीमा हाइस बसमा सवार एकजना वृद्धाको मृत्यु भएको छ। मृत्यु हुनेमा सिन्धुली कमलामाई नगरपालिका–१० बस्ने ७४ वर्षीया बिमला परियार रहेको प्रहरीले जानकारी दिएको छ।

बुधबार बिहान ६ बजेको समयमा काठमाडौंबाट मोरङतर्फ आउँदै गरेको बा ३ ख ८०८८ नम्बरको हाइस बिहान ११ बजेर ३० मिनेटको समयमा खाना खान रोकेकोमा वृद्धा खाना खान नआएपछि हेर्दा सिटमा बेहोस अवस्थामा फेला परेकी थिइन्। बेहोस वृद्धालाई उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

रामेछाप जिल्लाको शैलुङ गाउँपालिका–५ सल्लेनी भिरमा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा दोरम्बा शैलुङ गाउँपालिका–३, टोकर पुर बस्ने ४१ वर्षीय गणेश पाठक रहेको प्रहरीले जानकारी दिएको छ।

पाठक शनिबार बिहान ७ बजेको समयमा घरबाट खेतमा पानी लगाउन जान्छु भनि हिँडेकोमा घर नआएपछि आफन्तले खोजतलास गर्दा बुधबार दिउँसो १२ बजेको समयमा सल्लेनी भिरमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, चितवन जिल्लाको राप्ती नगरपालिका–११, थाकलटारमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने १२ वर्षीय राहुल मोक्तान रहेको प्रहरीले जानकारी दिएको छ। मोक्तान बुधबार साँझ ५ बजेको समयमा घट्टबाट घर जाने क्रममा भुईंमा लत्रिएको विद्युत्को तारमा छुन गई करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# प्रजा आधारभूत विद्यालयमा अभिभावकसँग अन्तरक्रिया



*अन्तरक्रियामा सहभागी अभिभावकहरु।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा रहेको प्रजा आधारभुत विद्यालयमा बुधबार कक्षा छ देखि आठसम्मका विद्यार्थी र अभिभावकको अन्तरक्रिया भएको हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र चेपाङको अध्यक्षतामा अन्तर क्रिया भएको हो। जेष्ठ महिनामा भएको मासिक परिक्षाको समीक्षा साथै आउँदो श्रावणको पहिलो सातामा हुन गइरहेको त्रैमासिक परीक्षाको योजनाअन्तर्गत रहेर मुख्य छलफल भएको प्रधानाध्यापक तुल बहादुर सुनारले बताउनुभयो। सँगसँगै, विद्यार्थी बढी अनुपस्थित हुने, बिना जानकारी विद्यालयबाट निस्कने, गृहकार्य नगरी विद्यालय आउने तथा विद्यालय भन्दाबाहेकको पोसाक लगाउने जस्तो समस्याको बारेमा पनि छलफल भएको प्रधानाध्यापक सुनारले जानकारी दिनुभयो। विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गराउन आवश्यक तयारी गर्ने निर्णय भएको प्रधानाध्यापक सुनारले जानकारी दिनुभएको छ।

## एसईईको नतिजा

# गणितमा सबैभन्दा कमजोर

काठमाडौंः राष्ट्रिय परीक्षा बोर्डले बिहीबार सार्वजनिक गरेको एसईईको नतिजाले माथिल्लो न्यूनतम औसत ग्रेड प्वाइन्ट (जीपीए) ल्याउने विद्यार्थीहरुको संख्या बढेको देखाएको छ। तर प्रयोगात्मक परीक्षा नहुने अनिवार्य गणित विषयको नजिताले शैक्षिक गुणस्तरमा सुधार भएको सरकारी दाबीमाथि प्रश्न उठाएको छ।

गत चैतमा भएको माध्यमिक शिक्षा परीक्षामा ४ लाख ६९ हजार ५८६ परीक्षार्थी सहभागी भएका थिए। बिहीबार सार्वजनिक नतिजाअनुसार ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या २२ हजार ४७५ रहेको छ। अघिल्लो वर्ष अघिल्लो वर्ष यो ग्रेड समूह ल्याउने विद्यार्थी संख्या ९ हजार ६३३ जना थियो।

राष्ट्रिय परीक्षा बोर्डका अधिकारीहरुका अनुसार माथिल्लो क्रमका अरु जीपीएमा पनि सुधार छ। ३.२ देखि ३.६ जीपीए ल्याउनेको संख्या ५५ हजार ६९ र २.८ देखि ३.२ जीपीए ल्याउनेको संख्या ७२ हजार ३६२, २.४ देखि २. ८ जीपीए ल्याउनेको संख्या ८९ हजार ३३१ जना रहेको छ। सबैभन्दा धेरै २ देखि २.४ जीपीए ल्याउने विद्यार्थी छन्। उनीहरुको संख्या १ लाख २ हजार २९३ छ। बोर्डका अध्यक्ष महाश्रम शर्मा एसईईको नतिजा गत वर्ष भन्दा सुधार भएको बताउँछन्।

के कारणले रिजल्टमा सुधार आयो भन्ने छुट्टै अध्ययन नगरेको भए पनि कोभिड-१९ को महामारीपछि विद्यार्थीले पढ्ने समय पर्याप्त पाउनु, विद्यालय र कक्षाकोठाको अवस्था सुधार आउनुका साथै परीक्षा प्रणालीमा गरेको सुधार हुनसक्ने उनले बताए। बोर्डका अध्यक्ष शर्मा भन्छन्, 'यो नतिजाले देखायो कि विद्यालय र कक्षाकोठाहरुको वातावरणमा सुधार आउँदैछ, त्यसपछि परीक्षा प्रणालीमा भएको सुधार, तथा उत्तर पुस्तिका परीक्षणमा भेरिएसन कम हुने गरी गरेका सुधारले गर्दा रिजल्ट राम्रो देखियो।' उनको दाबीलाई एक हदसम्म तथ्यांकले पनि पुष्टि गरेको छ। २ देखि २.४ जीपीएसम्म ल्याउने विद्यार्थीको अनुपात गत वर्ष भन्दा यसवर्ष बढी छ। स्रोतः अनलाइनखबर।

**सामुदायिक रेडियो, रेडियो निकास**
**९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**
रेडियो निकास ९३.४
The Voice of Community

# वैवाहिक वर्षगाँठमा मामाघरलाई सहयोग

समाज संवाददाता

हेटौंडाः सडक बालबालिकाको व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरलाई वैवाहिक वर्षगाँठको अवसरमा नगद सहयोग प्रदान गरिएको छ। हेटौंडा–११ निवासी विनोदचन्द्र कोइराला र ईन्दु कोइरालाले आफ्नो ५० औं वैवाहिक वर्षगाँठको अवसरमा मामाघर नेपाललाई ९ हजार ९ सय ९९ रुपैयाँ सहयोग गर्नुभएको हो।

वैवाहिक वर्षगाँठको शुभ अवसरमा कोइराला दम्पत्ति मामाघरमै उपस्थित भई सहयोग हस्तान्तरण गरेको मामाघर नेपालले जानकारी दिएको छ। कोइराला दम्पत्तिले आपसमा खुशी साटासाट गर्दै मामाघर नेपालमा वैवाहिक वर्षगाँठ मनाउनुभएको हो। कार्यक्रममा हेटौंडा–२ का वडाध्यक्ष विष्णुगोपाल महर्जनलगायको उपस्थिति थियो।

## एसईईको नतिजा...

नतिजा निकै कमजोर देखिएको छ। प्रयोगात्मक अंक नभएका कारण गणित विषयमा ई ग्रेड आउने विद्यार्थीको संख्या अत्यधिक रहेको नतिजाले देखाएको हो। परीक्षामा सहभागी करिब ४ लाख ८५ हजार विद्यार्थीमा एक लाख ५५ हजार ४५८ परीक्षार्थीको गणित विषयको नतिजामा ई ग्रेड आएको छ। यो संख्या कुल परीक्षार्थीको ३२.८६ प्रतिशत हुन्छ। ऐच्छिक गणितमा पनि ई ग्रेड ल्याउने विद्यार्थी धेरै रहेको नतिजाले देखाएको छ।

यस वर्षको एसईई नतिजामा अंग्रेजी विषयमा भने ४०७ जना विद्यार्थीको मात्र ई ग्रेड आएको छ। यस्तै, नेपालीमा ई ग्रेड ल्याउने ६३ जनामात्र छन्। अनिवार्य विषयमध्ये गणितपछि विज्ञानमा ई ग्रेड ल्याउने विद्यार्थी धेरै छन्। यसवर्ष एक हजार ७२१ जना विद्यार्थीले विज्ञानमा ई ग्रेड ल्याएका छन्। सामाजिक अध्ययन विषयमा ई ग्रेड ल्याउने विद्यार्थी ३८३ जना छन्।

### बागमती प्रदेशको नतिजा राम्रो

काठमाडौंः राष्ट्रिय परीक्षा बोर्डले एसईईको नतिजा सार्वजनिक गरेको छ। सार्वजनिक गरिएको नतिजामा प्रदेशगत विवरण हेर्दा बागमती प्रदेशमा सबैभन्दा राम्रो नतिजा देखिएको छ।

बागमती प्रदेशबाट २०.९७ प्रतिशत परीक्षार्थी परीक्षामा सहभागी थिए। जसमा ११ हजार ४८१ विद्यार्थीले ३.६० देखि ४ जीपीए ल्याएका छन्। त्यस्तै ३.२० देखि ३.६० जीपीए ल्याउने विद्यार्थीको संख्या २० हजार २२१ रहेको छ।

२.८० देखि ३.२० जीपीए ल्याउने १९ हजार २८८, २.४० देखि २.८० जीपीए ल्याउने १८ हजार ३१२, २ देखि २.४० जीपीए ल्याउने १६ हजार २०५, १.६० देखि २ जीपीए ल्याउने ९ हजार २६४, १.२० देखि १.६० जीपीए ल्याउने विद्यार्थीको संख्या २ हजार ५४३, ०.८० देखि १.२० जीपीए ल्याउने विद्यार्थीको संख्या ११३ र नन ग्रेडेड ल्याउने विद्यार्थीको संख्या १ हजार ८१६ रहेका छन्।

**मकवानपुर बालविद्या सदन**
**हेटौंडा-१८, खड्कुले**
**हार्दिक बधाई**


Brishkamal Karki 3.9

Kusum Khadka 3.75

Samana Bal 3.75

Kripa Adhikari 3.7

Den Guragain 3.6

Roman B.k 3.35

Riju Limbu 3.55

Shristi BK 3.55

Dipesh Baniya 3.45

Rupesh Ghimire 3.2

Kopila Ghalan 3.25

यस विद्यालयबाट एस.ई.ई. परीक्षा २०७९ मा सफल हुनुहुने सम्पूर्ण विद्यार्थीहरु, अहोरात्र मिहिनेत गर्नुहुने प्रधानाध्यापक, सहायक प्रधानाध्यापक तथा शिक्षक वर्गहरु र विद्यालय कर्मचारीहरु सम्पूर्णलाई हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै उत्कृष्ट नतिजा प्राप्तिमा योगदान पुऱ्याउनुभएको सबैमा हार्दिक आभार प्रकट गर्दछौं।

सुदीपराज गिरी
अध्यक्ष
**एवम् विद्यालय व्यवस्थापन समिति परिवार**

कृष्ण बहादुर अधिकारी
अध्यक्ष
**एवम् शिक्षक अभिभावक संघ परिवार**

# कोशीको मुख्यमन्त्रीमा उद्धव थापा नियुक्त

विराटनगरः कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका संसदीय दलका नेता उद्धव थापा नियुक्त भएका छन्। थापाले प्रदेशसभाका ४७ सदस्यको समर्थन आफूलाई रहेको भन्दै बिहीबार साँझ प्रदेश प्रमुख परशुराम खापुङसमक्ष मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए। खापुङले थापालाई मुख्यमन्त्री नियुक्त गरेका हुन्। थापाले आफ्नो दलका २९ प्रदेशसभा सदस्य, माओवादी केन्द्रका १२ जना, नेकपा एकीकृत समाजवादीका ४ जना, जनता समाजवादी पार्टीका १ जना र सभामुख बाबुराम गौतमको आफूलाई समर्थन रहेको भन्दै दाबी पेश गरेका थिए। स्रोतः अनलाइन खबर।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौंडा, नेपाल

**बोलपत्र रद्द गरिएको सूचना**

सूचना प्रकाशित मितिः २०८०/०३/२२ गते

मिति २०७९/१२/०६ गते राष्ट्रिय पत्रिकामा प्रकाशित Supply, Delivery & Installation of Digital Mammography System, National Competitive Bidding (NCB) IFB No.M HLMC/G/NCB–13/2079–80 बोलपत्र यस कार्यालयको मिति २०८०/०३/१९ को निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**निर्देशक**

**स्वादिष्ट नेवारी खाजा**




अब
**होटल बासुकला (फास्टफुड) मा**

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# बकैयामा बालश्रम अन्त्यका लागि कार्ययोजना निर्माण

समाज संवाददाता

हेटौंडाः बकैया गाउँपालिकालाई बालश्रममुक्त बनाउने उद्देश्यले कार्ययोजना निर्माण गरिएको छ। गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य, बालमैत्री सहजकर्ता र बाल क्लबको प्रतिनिधिहरुसँग बालश्रम निवारणसम्बन्धमा अन्तरक्रिया गरेर कार्ययोजना निर्माण गरिएको हो।

गाउँपालिका र बाल कल्याण समाज मकवानपुरको संयुक्त आयोजना, स्वतन्त्रता अभियान र राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपालको समन्वय र सहकार्य तथा ग्लोबल मार्चको सहयोगमा कार्यक्रम गरिएको थियो। बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्य तथा बाल कल्याण समाजका अध्यक्ष एवम् राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष प्रकाश खतिवडाको सभाध्यक्षतामा कार्यक्रम भएको हो।

कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव अम्बिकाप्रसाद अधिकारी, गाउँपालिकाका कार्यकारी प्रमुख महेश श्रेष्ठको उपस्थिति रहेको थियो। बकैया गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख होमकुमारी सञ्जेलले कार्यक्रममा सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ को बारेमा उपसचिव अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष लामिछानेले बालश्रम अन्त्यका लागि विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउने र बालबालिकाको विद्यालय छाड्ने दर घटाउँदै जानुपर्ने बताउनुभयो। बालबालिकालाई विद्यालयमा टिकाउने कार्य गरियो भने बालश्रममा जान रोक्न सकिने भएकाले पालिकाले यसैअनुरुप कार्य गरिहेको उहाँले जानकारी दिनुभयो। दिवा खाजाले बालबालिकालाई विद्यालयमा टिकाउन सहज भएको उहाँको भनाइ छ।

अध्यक्ष लामिछानेले टोलटोलमा शिक्षा समितिलाई जिम्मेबार बनाउँदै गुणस्तरीय शिक्षा र बिपन्न, सिमान्तकृत बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चितताका योजना रहेको समेत बताउनुभएको थियो। पालिकाभित्र पर्ने प्रत्येक पहाडको टाकुरामा भएको १०–१२ घरका बालबालिकालाई विद्यालय ल्याउन र टिकाउन गाह्रो भएकाले बस्ती स्थानान्तरण गर्ने सोच बनाएकोसमेत अध्यक्ष लामिछानेले बताउनुभएको थियो।

गाउँपालिका उपाध्यक्ष खत्रीले पालिकाले अनुगमन गर्दा बकैया गाउँपालिकाभित्र बालश्रम नभेटिएको जानकारी दिनुभयो। गाउँपालिकाका बालबालिका अन्य पालिका र जिल्लामा गएर बालश्रम गरिरहेको हुनसक्ने भएकाले पालिकाको ध्यानाकर्षण भएको उहाँले बताउनुभयो। पालिकाले अब बालबालिकालाई बालश्रमबाट रोक्ने कार्य र समग्र बालसंरक्षणको सबालमा कार्य गर्नेसमेत बताउनुभयो।

बालश्रममुक्त बनाउन पालिकाले श्रमिक बालबालिकाको आवाजको सुनुवाई गर्दै लगानी योजना बनाउन आवश्यक रहेको भन्दै बाल कल्याण समाजका अध्यक्ष खतिवडाले बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजनालाई कार्यान्वयनमा ल्याई तीनै तहको सरकार र नागरिक समाजको समन्वय र सहकार्यबाट बालश्रमको अन्त्य गर्न सकिने बताउनु भएको थियो।

पालिकाको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्दै बालमैत्रीको दिगोपना र बालश्रम अन्त्यको लागि तयार भएको कार्ययोजनाअनुरुप कार्य सबैको समन्वय र सहकार्यमा गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले बालश्रम अन्त्य गर्न सकियो भने बालबालिका बेचबिखन र ओसार पसार पनि घट्दै जाने बताउनुभयो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव अधिकारीले नेपालको मौजुदा बालबालिकाको अवस्था र बालश्रमको अवस्थाको चित्रण, दिगो विकासमा बालश्रमको लक्ष्य, बालश्रममुक्त समाज निर्माणका लागि नेपाल सरकारको विद्यमान नीति, बालश्रममुक्त स्थानीय तह घोषणा किन ? बालश्रममुक्त घोषणा कार्यबिधि २०७७ को उद्देश्य, यसमा भएका लक्षित समूह र सूचकको बारेमा बताउनुहुँदै बकैया गाउँपालिकाको आगामी कार्ययोजना बनाउन सहजीकरणसमेत गर्नुभएको थियो।

कार्यक्रममा वडा अध्यक्षहरु भुवन सिं घलान, फूलबहादुर भोम्जन, लक्ष्मी जिम्बा, टंकध्वज लोप्चन, ज्ञानेन्द्र बजगाई, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका शाखा अधिकृत प्रकाश पन्थी, पालिकाका शाखा प्रमुखहरु, बालमैत्री सहजकर्ता, बालक्लबका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# डेढ क्वीन्टल गाँजा फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हेटौंडा–१९ स्थित अँधेरी खोलाबाट १ सय ५० केजी (डेढ क्वीन्टल) लागूऔषध गाँजासहित भारतीय ट्रकलाई नियन्त्रणमा लिएको छ। बुधबार नेवारपानीबाट खटिएको प्रहरी टोलीले पूर्वपश्चिम राजमार्गको सडकखण्डमा रोकी राखेको आर जे ०२ जी ए ८३८८ नम्बरको भारतीय ट्रकलाई शंका लागि सुरक्षाजाँच गर्दा लागूऔषध गाँजा फेला पारेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

ट्रकको ड्राइभर बस्ने सिटदेखि माथिको भागमा लुकाईछिपाई ल्याएको प्लाष्टिकको टेपले रोलिङ गरेको लागूऔषध गाँजा १५ पोका फेला पारेको थियो। ट्रकमा चालक, सहचालक कोही पनि नभएको र खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले फेला पारेको लागूऔषध गाँजासहित ट्रकलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको छ।

# १ सय ५० ग्राम सुनसहित सुनार पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१५ स्थित रातोमाटे चेकपोष्टबाट १ सय ५० ग्राम सुनसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा बारा जिल्ला जितपुर सिमरा–७ बस्ने ३३ वर्षीय सन्तोष साह सुनार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

बिहीबार बिहान ४ बजेको समयमा काठमाडौंबाट वीरगञ्जतर्फ जाँदै गरेको बागमती प्रदेश ०३ –००१ ख १८०३ नम्बरको यात्रुबाहक बसलाई रोकी सुरक्षाजाँच गर्दा बसमा सवार सुनारको साथबाट ३ वटा ब्रासलेट र सानो–सानो टुक्रा डेढ लाल सुन फेला पारेको प्रहरीले जनाएको छ। सुनसहित अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ।

# वडा कार्यालयद्वारा ज्येष्ठ नागरिक सम्मानित

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको १६ नम्बर वडाले ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ। विहिबार एक कार्यक्रमकाबीच वडाका ५ वटा टोल विकास संस्थाका ७५ जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको हो।

ज्येष्ठ नागरिक मञ्च हेटौंडा–१६ का अध्यक्ष देवनारायण ढकालको सभाध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमूख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो। ज्येष्ठ नागरिकलाई खादा, ब्ल्याङ्केट, लठ्ठी र नगद पाँच सयले सम्मान गरिएको वडा अध्यक्ष रामकृष्ण कोइरालाले बताउनुभयो।

कार्यक्रममा ज्येष्ठ नागरिकलाई सम्मान गर्नुहुँदै प्रदेश सभा सदस्य बानियाँले बृद्धबृद्धाको उचित स्याहारसुसार र हेरविचार गर्नु राज्यको दायित्व हुन आउने बताउनुभयो। परिवारका सदस्यका साथसाथै टोल, समाज र राज्यका निकाय स्थानीय सरकारलेसमेत यसतर्फ ध्यान दिई आफ्नो वडामा रहेका ज्येष्ठ नागरिकहरुको उचित हेरविचार गर्नुपर्नेमा बानियाँले जोड दिनुभयो। हेटौंडा–१६ ले बाँकी १० टोल विकास संस्थाका ज्येष्ठ नागरिकलाई साउनको पहिलो साता सम्मान गरिने वडा अध्यक्ष कोइरालाले जानकारी दिनुभयो। कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको पनि उपस्थिती रहेको थियो।

# मनहरीमा साउन ५ देखि त्रैमासिक परीक्षा हुने

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिकाका विद्यालयहरुमा साउन ५ देखि १५ गतेसम्म प्रथम त्रैमासिक परीक्षा सञ्चालन हुने भएको छ। पालिकाले सूचना जारी गर्दै प्रथम त्रैमासिक परीक्षा सञ्चालन हुने जानकारी गराएको गाउँपालिकाका स्रोत शिक्षक पूर्णभद्र भुसालले जानकारी दिनुभयो।

पालिकामा ३२ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालयमा ११ हजार विद्यार्थी अध्ययनरत रहेका छन्। पालिकामा ४ वटा विद्यालयमा कक्षा १२ सम्म, ४ वटा विद्यालयमा कक्षा १० सम्म, ६ वटा विद्यालयमा ८ कक्षासम्म र १८ वटा विद्यालयमा ५ कक्षासम्म अध्यापन हुने उहाँले जानकारी दिनुभयो। विद्यालयको वार्षिक तालिकाअनुसार असार ३१ गतेदेखि लिने भनिएको परीक्षा जेठ २२ गतेदेखि ३१ गतेसम्म ९ दिन गर्मी विदा दिइएकाले परीक्षा सरेको उहाँले जानकारी दिनुभयो। पालिकाले परीक्षा सकिएपछि साउन १६ गतेदेखि ३२ गतेसम्म वर्षे विदा दिने निर्णय गरेको छ। भदौ १ गतेदेखि विद्यालयमा पठनपाठन सञ्चालनमा आउनेछ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।

सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# बालबालिकामा पखालाको समस्या बढी

समाज संवाददाता

हेटौंडाः मनसुन सक्रिय भएर वर्षा सुरु भएसँगै बालबालिकामा झाडापखालाको समस्या बढी देखिएको छ। हेटौंडा अस्पतालमा उपचारमा आउने बालबालिकाहरुमध्ये धेरैमा झाडापखालाको समस्या देखिएको हो।

अस्पतालमा उपचारका लागि आउने अधिकांश बालबालिकामा वान्ता हुने र पखाला लाग्ने सामान्य रोगको समस्या पाइएको अस्पतालका बालरोग विशेषज्ञ डा. मनदीप गौतमले बताउनुभयो। बालबालिकामा निमोनिया, टन्सिल, संक्रमण रोग, पिसाबी रोग आदि देखिने गरेको उहाँले जानकारी दिनुभयो।

वातावरण प्रदूषण भएको, सरसफाई नभएको तथा वर्षाका कारण धेरैमा मौसमी रोग डेंगु पनि देखिएको बताइएको छ। सरसफाईमा ध्यान नदिनु, फोहोर पानीको प्रयोग गर्नु बाहिरको खाना खानु झाडापखालाको मुख्य कारण रहेको डा. गौतमको भनाइ छ। अस्पतालमा उपचारका लागि आएका केही बालबालिकामा काम्ने रोगसमेत पाइएको उहाँले जानकारी दिनुभयो।

हेटौंडा अस्पतालमा दैनिक औसत १ सय २५ जना बालबालिका स्वास्थ्य उपचारका लागि आउने गरेका छन्। सामान्यतयाः १४ वर्षसम्मका बालबालिकाको स्वास्थ्य परीक्षण बालरोग विशेषज्ञबाट गरिने भए पनि १६ वर्षसम्मका बिरामी बालबालिकाको पनि स्वास्थ्य परीक्षण बालरोग विशेषज्ञले गर्ने गरेको डा. गौतमले जानकारी दिनुभयो। अस्पतालमा बालरोगका ३ जना विशेषज्ञ डाक्टरहरु रहेका छन्। जाडो महिनामा बालबालिकामा धेरै समस्याको रुपमा देखिने रुघाखोकी अहिले गर्मीमा पनि देखिएको डा. गौतमले बताउनुभयो।

# १ सय ६८ केजी गाँजासहित चौधरी पक्राउ

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको कोल्हवी नगरपालिका–५, सोनाभार टोलबाट १ सय ६८ केजी लागूऔषध गाँजासहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सोही स्थान बस्ने जितेन्द्र चौधरी रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

बिहीबार बिहान साढे ६ बजे चौधरीको घरमा अवैध लागूऔषध गाँजा लुकाईछिपाई राखेको भन्ने विशेष सूचनाको आधारमा प्रहरीले खोजतलास गर्दा कोठाभित्र लुकाईछिपाई राखेको १ सय ६८ केजी लागूऔषध गाँजा फेला पारेको प्रहरीले जनाएको छ। लागूऔषध गाँजासहित चौधरीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# प्रदेशसभामा प्रधानमन्त्रीको राजीनामा माग

हेटौंडाः नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को राजीनामा माग गरेका छन्। बिहीबार बजेटमाथि छलफलका लागि बसेको प्रदेशसभा बैठकमा बोल्दै नेता थपलियाले रोष्टमबाट नै प्रधानमन्त्री प्रचण्डको राजीनामा माग गरेका हुन्।

बजेटमाथिको छलफलका क्रममा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सांसदहरुले राखेका प्रश्नको जवाफ दिएलगत्तै बसेको प्रदेशसभा अर्को बैठकमा समय माग गरेर बोल्दै नेता थपलियाले प्रधानमन्त्री प्रचण्डको अभिव्यक्ति आपत्तिजनक भएकोले राजीनामा दिनुपर्ने बताए। 'प्रधानमन्त्रीको अभिव्यक्तिप्रति एमालेको घोर आपत्ति रहेको छ। जनताले छानेका प्रतिनिधिहरूले देशको प्रधानमन्त्री बनाउने हो, भारतले होइन। यो स्वीकार्य छैन। यो जनताले छानेका प्रतिनिधि माथिको अपहेलन हो। प्रधानमन्त्रीको राजीनामा दिनुपर्छ', उनले भने।

नेता थपलियाले प्रधानमन्त्री प्रचण्डको राजीनामा मागेसँगै एमालेका सांसदहरुले संसद् बैठकमा नै नाराबाजी सुरु गरेका थिए। गत सोमबार प्रधानमन्त्री प्रचण्डले व्यवसायी प्रितम सिंहको पुस्तक विमोचन कार्यक्रममा दिएको विवादास्पद अभिव्यक्तिलाई लिएर नेता थपलियाले राजीनामाको माग गरेका हुन्। नेपालमा पहिलो पटक ट्रक ल्याएका सरदार समुदायका प्रितम सिंहमाथि लेखिएको एक पुस्तक 'रोड्स टु द भ्याली द लिगेसी अफ सरदार प्रितम सिंह इन नेपाल' विमोचन कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन कुनैबेला दिल्लीसम्म गएको अभिव्यक्ति दिएका थिए। नेता थपलियाले बोलेपछि प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले एमालेका सांसदहरुलाई बस्न आग्रह गर्दै बैठकको कारबाही अघि बढाएका थिए। सभामुख पाठक अघि बढ्दै गर्दा नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका मुख्य सचेतक रत्नप्रसाद ढकालले संसदको अभ्यास नै प्रभावित पारिएको भन्दै नियमापत्ति गरेका थिए। प्रतिपक्षी दलका नेताले संसदमा आफ्ना विषयहरु राख्न पाउने तर, बजेटमाथिको छलफलका क्रममा मुख्यमन्त्रीले जवाफ दिइसकेपछि अन्य कोहीले पनि समय माग गर्दै बोल्न नपाइने भन्दै नियमापत्ति गरेका थिए।

(स्रोतः रातोपाटी)

**Join IT after +2 ???**

**Nepal Top**



**Dinesh Kharel** CSIT 2078 Batch 89.8%

यस हेटौंडा सिटी कलेजका विद्यार्थी **श्री दिनेश खरेल** त्रिभुवन विश्वविद्यालयले लिएको २०७८ व्याचको -CSIT मा ८९.८ प्रतिशत ल्याई नेपाल टप गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

**हेटौंडा सिटी कलेज/जेनिथ**

(साथै २०८० को -BSc. CSIT/BCA -T.U. बाट सम्बन्धन प्राप्त)
प्रवेश परीक्षा कक्षा संचालन हुँदैंछ।)
057526660 /9855077417 /9855067435 /9855069444

**हेटौंडा कृषि बजार**

**हेटौंडा-४, मेनरोड**

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ।





**सेवाहरू**

- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला।)

**सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**








**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ